वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा ।
गण्डकी प्रदेश, नेपाल

## विज्ञापन कर सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति २०८२।०७।२४ गते**

स्थानीय सरकार संचालन ऐन २०७४ को ६४ दफा (ग) बमोजिम आ.व. २०८२/०८३ देखि आ.व. २०८४/०८५ सम्मको लागि विज्ञापन करको दर निर्धारण र सङ्कलन नगरपालिकाले गर्ने कार्य आफै गर्न वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत गराउन सक्ने व्यवस्था भए बमोजिम आन्तरिक आय बृद्धि गर्ने उद्देश्यले (ठेक्का बन्दोबस्ती) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंक नघटने गरी निम्न लिखित शर्तहरुको अधिनमा रहि दरभाउपत्र खरिद गरी रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न ७ (सात) दिने यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१) सिलबन्दी दरभाउपत्र यो सूचना दोस्रो पटक प्रकाशित भएको मिति देखि ७ दिन भित्र चालु आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र। आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्र, ।कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ उल्लेखित दस्तुर (पछि फिर्ता नहुने गरी) तिरि यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ ।

२) सिलबन्दी ८ औ दिनको मध्यान्ह १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । सिलबन्दी दाखिला गर्दा सिलवन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा सिलबन्दीवालाको नाम ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नु पर्नेछ । सिलवन्दी खरिद तथा दाखिलागर्ने अन्तीम दिन सार्वजनिक विदा परेमा उक्त कार्य कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३) सिलबन्दी साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड शाखा वालिङ स्थित ग ३ धरौटी खाता नं. ०८३०३००००३०००००००१ मा जम्मा गरेको सक्कलै बैक भौचर वा मान्यता प्राप्त बैंकबाट दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ।

४) म्याद भित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु दर्ता भएको अन्तिम दिनको २:३० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघि आएको, कार्यालयबाट विक्री नभएको सिलबन्दी दरभाउपत्र फाराम भरी आएको सिलबन्दी दरभाउपत्रवालाको दस्तखत एवं छाप नभएको प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेश भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन् । दरभाउपत्र वालाको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) सिलबन्दी दरभाउपत्रमा कवोल गरेको भ्याट र मु.अ.कर बाहेकका रकम अंक र अक्षरमा स्पष्ट ररुपमा लेख्नु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउमा अनिवार्य दस्तखत र छापहुनु पर्नेछ।

६) बोल कवोल अंकको ५ प्रतिशत ले हुन आउने रकम बराबरको नेपाल बैंक लिमिटेड शाखावालिङ स्थित यस कार्यालयको धरौटी खाता नं. ०८३०३००००३०००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा वित्तिय संस्था बाट जारी भएको जमानत पत्र (Performance Bond) पेश गर्नु पर्नेछ ।

७) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटको म्याद बाहेक ७ दिन भित्र आफूले कवोल गरेको रकम एकमुष्ठ राजश्व शाखामा नगदै वा यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि. शाखा वालिङमा रहेको खाता नं. ०८३०३०००००१००१००००००१ मा जम्मा गरेको सक्क्लै बैंक भौचर पेश गरी ठेक्का कबुलियत गर्न आउनु पर्नेछ ।

८) दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा आशिंक रुपले स्वीकृत गर्ने सम्पूर्ण अधिकार यसकार्यलयमा निहित रहनेछ।

९) यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको सिलवन्दी दरभाउपत्र वालाले पालना गर्नु पर्नेछ ।

१०) न्यूनतम ठेक्का रकम रु ४,००,०००।० हुनेछ, तिन आ.व का लागि ठेक्का बन्दोबस्ती गरिनेछ तर प्रत्येक आ.व मा ठेक्का कबोल रकममा १० प्रतिशतले वृद्धि गरि सम्झौता गरिनेछ साथै प्रत्येक आ.व को लागि छुट्टा छट्टै सम्झौता गरिनेछ सो को लागि आ.व सुरु भएको ३५ दिन भित्र दरभाउ पत्र दाताले आवश्यक प्रक्रिया गरि निवेदन दिनुपर्नेछ अन्यथा ठेक्का समाप्त गर्न बाधाँ पर्ने छैन । कबोल रकममा प्रचलित कानुन अनुसार मु.अ.कर जोडी भुक्तानी गर्नुपर्नेछ ।

११) यस नगरपालिकालाई व्यवसाय कर तिरी व्यवसाय गरिरहेका व्यवसायीहरुले तोकिएको मापदण्ड ३० वर्गफिट भित्र रहेर राखिएका विज्ञापन बोर्ड, फ्लेक्स आदिमा विज्ञापन कर उठाउन पाईने छैन ।

१२) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्नसकिनेछ।

१३) दरभाउपत्र विवरण (ठेक्का)

| क.सं. | ठेक्का नं. | ठेक्का नाम (विवरण) | आ.ब. २०८२/०८३को लागि न्यूनतम अंक ( मु.अ.कर र अग्रिम आयकर बाहेक) रु. | दरभाउपत्र फारम दस्तुर रु. | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४/२०८२/२०८३ | विज्ञापन कर | ४,००,०००।०० | १०००।० | कबोल अंकको ५% | प्रत्येक वर्ष २० प्रतिशत बृद्धि हुने गरी ३ आर्थिक वर्षका लागि |

प्रमुख प्रशासकीय अधिकृत